## भूकम्प, आगलागी वा विपद् आइपरेमा

सुरक्षित ठाउँमा जाने बेला वा ग्यासको गन्ध आएको बेला, ग्यास प्रयोग गर्न रोकेर, ग्यासबाट चल्ने उपकरणहरु, ग्यासको मेन भल्भ, ग्यास मिटरको भल्भ तथा ग्यास सिलिन्डरको भल्भ, सबै बन्द गर्नुहोस्।




## LP ग्यास सुरक्षित राख्नको लागि गरिने कार्यहरु

सुरक्षितसँग LP ग्यास प्रयोग गर्नको लागि, हामी कानुन बमोजिम नियमित रुपमा जानकारी प्रदान गर्ने र उपभोक्ताको घरमा गई जाँच वा सर्वेक्षण आदि गर्छौं। तर कहिलेकाहीँ स्वीकृति प्राप्त सुरक्षा संस्थालाई बिक्री पसलले जिम्मा दिएको पनि हुन सक्छ। सुरक्षा संस्था आएको बेला सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं।

### जानकारी प्रदान गर्ने

व्यापारिक प्रयोजनको लागि किचेनको उपकरणहरु प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु, दुर्घटना हुन नदिनको लागि गर्नुपर्ने कुराहरुबारे जानकारी आदि नियमित रुपमा पत्र मार्फत सूचित गर्छौं।

एक वर्षमा एक पटक (अथवा दुई वर्षमा एक पटक) गरिन्छ।

### आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान र गर्नुपर्ने कुराहरु



व्यापारिक प्रयोजनको लागि प्रयोग गरिने किचेनमा ग्यास चुहावट भएमा, तुरुन्तै आवश्यक कदम चाल्नुहोस्।

आपत्कालिन अवस्थामा, ३० मिनेट भित्र नि:शुल्क सेवा

आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान, राती र बिदाको दिनमा पनि खुला रहनेछ

◎ "सुरक्षा कायम राख्ने कार्य" नि:शुल्क गरिन्छ। "उपभोग्य सामान वा उपकरणहरु" को मर्मत तथा सुधार गर्नुपर्ने अवस्थामा भने खर्च लाग्नेछ।

## CO र ग्यास चुहावटको कारण हुने दुर्घटना हुनु अगाडि नै रोक्नको लागि, सुरक्षाका उपकरणहरु राख्न सिफारिस गर्छौं।

### ■ व्यापारिक प्रयोजनको लागि भेन्टिलेसन अलार्म उपकरण

पर्याप्त हावाको आवतजावत नभएमा वा निरन्तर CO निस्किरहेको अवस्था आदिमा तुरुन्तै पत्ता लगाई, खतरा हुनु अगाडि नै अलार्म बज्छ। बिजुली नचाहिने, ब्याट्रीबाट चल्ने पनि हुन्छ।

### ■ ग्यास अलार्म उपकरण

प्राय: जस्तो ग्यास चुहिएर हुने दुर्घटनाहरु, असावधानीको कारण "आगो बलेको छ भन्ठानेर" हुने गल्ती र पकाएको चीज उम्लेर गएर हुने गर्दछ।
ग्यास चुहावटको कारण हुने दुर्घटना हुन नदिनको लागि अलार्म उपकरण राख्न सिफारिस गर्छौं।



यापारिक प्रयोजनको लागि भेन्टिलेसन अलार्म उपकरणको उदाहरण

⚠ सावधान! **अलार्म उपकरण परिवर्तन गर्ने म्याद ५ वर्ष हो। परिवर्तन म्याद गइसकेको अलार्म उपकरण ठीकसँग नचल्ने सम्भावना हुन्छ।**

| LP ग्यास आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान | LP ग्यास बिक्री पसलको नाम |
|---|---|
| सम्पर्क:<br>फोन:<br>आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान २४ घण्टा नै खुला रहनेछ। | |

थप जानकारीका लागि LP ग्यास सुरक्षा समितिको वेबसाइटमा पनि हेर्न सक्नु हुन्छ। http://www.lpg.or.jp/

LPガス安全委員会
2022.2(ネパール語)

## व्यापारिक प्रयोजनको LP ग्यास सुरक्षा मार्गदर्शन

# ढुक्क भएर सुरक्षितसँग प्रयोग गर्नको लागि




किचेनमा काम गर्नेहरुले देख्न सक्ने ठाउँमा राख्नुहोस्।

## ग्यासको गन्ध आएमा गर्ने कुराहरु!

⚠ सावधान! **व्यापारिक प्रयोजनको लागि प्रयोग गरिने किचेनमा हुने ग्यास दुर्घटनाले, पसलको कर्मचारी मात्र नभइकन, ग्राहकलाई पनि क्षति पुर्‍याउने खतरा हुन्छ।**

### आगो बाल्ने उपकरणहरु कदापि प्रयोग नगर्नुहोस्।

● (सलाई, लाइटर जस्ता) आगो सल्काउन सक्ने चीजहरु र भेन्टिलेसन फ्यान वा बत्ती आदिको सुइचमा पनि कदापि नचलाउनुहोस्।




### झ्याल र ढोका पूर्ण रुपमा खोली, ग्यास बाहिर पठाउनुहोस्।

● LP ग्यास हावा भन्दा गह्रुङ्गो हुने हुनाले, भुइँको लेबलमा जम्मा भएको ग्यासलाई पनि बाहिर पठाउन नबिर्सनुहोस्।



### सम्पूर्ण ग्यासबाट चल्ने उपकरणहरु बन्द गरी, ग्यासको मेन भल्भ बन्द गर्नुहोस्।

● अनिवार्य रुपमा ग्यास मिटर भल्भ अथवा ग्यास सिलिन्डर बन्द गर्नुहोस्।




◎ ग्यास मिटर भल्भ कहाँ छ थाहा नभएमा, पहिले नै LP ग्यास बिक्री पसलमा सम्पर्क गरी निश्चय गर्नुहोस्।

### ग्यास चुहिएको अवस्थाबारे तुरुन्तै खबर गर्नुहोस्।



**"आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान" बाट दिइएको निर्देशनको पालना गर्नुहोस्।**

◎ सुरक्षित ठाउँमा जान निर्देशन दिइएको खण्डमा, ग्राहकलाई सुरक्षित ठाउँमा लिएर जानुहोस्।




◎ पहिले नै LP ग्यास बिक्री पसलमा आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान निश्चय गर्नुहोस्।

◎ आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान २४ घण्टा नै खुला रहनेछ।

### ग्यासबाट चल्ने उपकरणहरुको प्रयोग गर्दा, अनिवार्य रुपमा हावाको आवतजावत हुने वातावरण बनाउनुहोस्!

**ग्यासबाट चल्ने उपकरणहरुको प्रयोग गर्दा, अनिवार्य रुपमा राम्रोसँग हावाको आवतजावत भए नभएको र बाहिरको हावा भित्र आउने प्वाल निश्चय गरौं**




**LP ग्यास सुरक्षा समिति / उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**

# सुरक्षा जाँचका बुँदाहरु

## CO (कार्बन मोनोअक्साइड) विषाक्तता बारे !

खतरा

पर्याप्त हावा (अक्सिजन) नभएको अवस्थामा आगो बाल्ने उपकरणको प्रयोग गर्‍यो भने पूर्ण रुपमा आगो बल्दैन र CO (कार्बन मोनोअक्साइड) निस्कन्छ। CO एकदम विषालु हुन्छ र यो सास फेर्दा शरीर भित्र मात्र पस्यो भने पनि ज्यान जाने खतरा हुन्छ। हामी तपाईंलाई CO अलार्म राख्न सिफारिस गर्छौं।

## ☑ ग्यास चुहावट दुर्घटनालाई रोक्नका लागि !

### आगो बलेको छ वा छैन निश्चय गर्ने

### ग्यासबाट चल्ने उपकरण बन्द गर्न बिर्सेको छ वा छैन

- अनिवार्य रुपमा आगो बल्ने ठाउँमा हेरेर निश्चय गर्ने!
- प्रयोग पछि ग्यासबाट चल्ने उपकरण ठीकसँग बन्द भएको छ वा छैन, निश्चय गर्ने!

सुरक्षाका उपकरणहरु नभएका ग्यासबाट चल्ने उपकरणहरुलाई विशेष ध्यान दिनुहोस्।


### धेरै पटक आगो बाल्ने प्रक्रिया, पुन: आगो बाल्ने प्रयास

### आगो बलिरहेको बेला निभ्ने

- दोहोर्‍याएर बाल्ने बेला विशेष ध्यान दिनुहोस्।
- त्यस ठाउँबाट कतै नगइकन, आगोलाई हेरेर निश्चय गर्नुहोस्।
- बाल्ने उपकरणहरु पुरानो भएका छन् वा छैनन्, बिग्रेका छन् वा छैनन् जस्ता कुराहरुमा ध्यान दिनुहोस्।


### रबरको पाइप

- जलेको वा चर्केको छ वा छैन!
- ग्यासको मेन भल्भको रातो लाइनसम्म जोडिएको छ वा छैन!
- पाइप ब्यान्ड राम्रोसँग लगाइएको छ वा छैन!




### प्रयोग नगरेको ग्यासको मेन भल्भ


- बन्द गर्न घुमाउने ठाउँ, “बन्द (閉)” भएको छ वा छैन!
- ग्यासको मेन भल्भमा रबरको क्याप लगाइएको छ वा छैन!



## ☑ CO विषाक्तता दुर्घटनालाई रोक्नका लागि !


### हावाको आवतजावत निश्चय गर्ने

- तयारी गरिरहेको बेला वा पसल खोल्ने बेला, भेन्टिलेसन फ्यान चलिरहेको छ वा छैन, अनिवार्य रुपमा निश्चय गर्ने!





### डक्ट जस्ता भेन्टिलेसन उपकरणहरुको सफाइ

- भेन्टिलेसन फ्यान, हावा बाहिर पठाउने प्वाल र डक्ट भित्रका ठाउँहरु नियमित रुपमा मा सफा गर्नुहोस्।
- हावा बाहिर पठाउने पाइपमा प्वाल परेको छ वा छैन, हुनु पर्ने ठाउँबाट सरेको छ वा छैन, खिया आदि लागेको छ वा छैन, ध्यान दिनुहोस्।



### हावा आवतजावत गर्ने ठाउँ निश्चय गर्ने

- हावा आवतजावत गर्ने ठाउँलाई सामान आदिले छेकेको छ वा छैन, निश्चय गर्ने!



## ☑ यदि ... को लागि!

### व्यापारिक प्रयोजनका भेन्टिलेसन अलार्म उपकरण

### उपकरण (CO अलार्म उपकरण)

### ग्यास अलार्म उपकरण

- सफा आदि गर्न निकालेको बेला, (सफा आदि गरेपछि) पहिलेको जस्तो गरी जडान गरी, चल्ने बनाएर राख्नुहोस्।

### ग्यास प्रयोग गरिरहेको बेला अर्को मान्छेलाई जिम्मा दिने

- ग्यास प्रयोग गरिरहेको बेला अर्को मान्छेलाई जिम्मा दिँदाखेरि, जिम्मा लिने मान्छेलाई अवस्थाबारे भन्नुहोस्।




### पसलबाट निस्कने बेला

- ग्यासको मेन भल्भ बन्द भएको छ वा छैन, औंलाले देखाएर निश्चय गर्न अनुरोध गर्दछौं।



## निम्न अवस्थामा तुरुन्तै सम्पर्क गर्नुहोस्!

### आगो

- आगो स्थिर नभएमा
- आगो पहेँलो भएमा
- कुनै-कुनै ठाउँमा आगो नबलेमा

### सञ्चालन

- प्रयोग गरिरहेको बेला निभेमा
- पट्केला जस्तो गरी आगो बलेमा
- सजिलै आगो नबलेमा
- आगो नबलेमा
- आगो फैलिन सामान्य भन्दा लामो समय लागेमा

### उपकरण

- बल्दाखेरि असामान्य आवाज आएमा
- ग्यासको गन्ध आएमा
- चलिरहेको बेला, बलेको ग्यासको गन्ध आएमा

उपकरण मेकर वा LP ग्यास बिक्री पसललाई तुरुन्तै जाँच गर्न बोलाउनुहोस्।

